मितिः २०८०/०९/२८ ने.सं. ११४४ पोहेलाथ्व, २ शनिबार बैठक संख्या - ०८

ाज मिति २०८०/०९/२८ गते शनिबारको दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका ाध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा ा.व २०८०/०८१ को आठौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी हायनुसारका निर्णयहरू पारित गरियो।

**पस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ..........

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ..........

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ..........

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ..........

६. वडा अध्यक्ष : श्री धनपति गिरी ..........

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ..........

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ..........

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ..........

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ..........

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ..........

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ..........

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई..........

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ..........

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा..........

१६. सदस्य सचिव श्री टोपेन्द्र कुमार लिम्बु ..........

१७. कम्प्युटर अपरेटर श्री लक्ष्मी चुहान..........

१८. लेखापाल श्री नर बहादुर बोहरा ..........

१९. कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी..........

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी, पाँचथर कोशी प्रदेश, नेपाल

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८०/०९/२८ ने.सं. ११४४ पोहेलाथ्व, २ शनिबार बैठक संख्या - ०८

**प्रस्तावहरू:-**

१. गत आ.व. २०७९/०८० स्थानीय संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA), स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कन (FRA) र स्थानीय आर्थिक विकास मूल्याङ्कन (LED) को नतिजा छलफल सम्बन्धमा ।

२. विविध ।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८०/०९/२८ ने.सं. ११४४ पोहेलाथ्व, २ शनिबार बैठक संख्या - ०८

**निर्णय नं. १.**

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम आ.व. २०७९/०८० को संस्थागत क्षमता तथा स्वमूल्याङ्कनको प्रारम्भिक एकीकृत नतिजा उपर सूचकगत रूपमा छलफल र विश्लेषण भई सम्बन्धित विषय क्षेत्रको देहायनुसारको यथार्थ अङ्कभार निर्धारण गरी कार्यपालिकामा छलफल गरी पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पठाउने सर्वसम्मत निर्णय गरियो।

**तपसिल:**

| क्र.सं. | स्वमूल्याङ्कनका विषयक्षेत्रहरू | यथार्थ अङ्कभार | कैफियत |
|---|---|---|---|
| १. | शासकीय प्रबन्ध | ८६.११% | |
| २. | संगठन तथा प्रशासन | १००% | |
| ३. | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ५०% | |
| ४. | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ८८.६४% | |
| ५. | सेवा प्रवाह | ७५% | |
| ६. | न्यायिक कार्य सम्पादन | १००% | |
| ७. | भौतिक पूर्वाधार | ६५.३८% | |
| ८. | सामाजिक समावेशीकरण | ५५% | |
| ९. | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ७७.७८% | |
| १०. | सहकार्य र समन्वय | ०% | |

| समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|
| ७३.८१% | ६९.१२% | ७१.११% | ७१% |

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन स्थानीय वित्त व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरूको पहिचान गरी यसको लेखाजोखाको माध्यमबाट स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्न आ.व. २०७९/०८० को स्थानीय तहको वित्तीय सुशासन मूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम प्रारम्भिक एकीकृत नतिजा उपर सूचकगत रूपमा छलफल र विश्लेषण गरी देहायनुसारको यथार्थ अङ्कभार कुल प्राप्ताङ्कः- ६७.५% निर्धारण गरी पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पठाउने सर्वसम्मत निर्णय गरियो।

स्थानीय तहमा आर्थिक नीति तथा योजना, आर्थिक विकास पूर्वाधार, आर्थिक सशक्तिकरण र उद्यमशीलता तथा औद्योगिक प्रवर्द्धन जस्ता स्थानीय आर्थिक विकासका पक्षहरूको समग्र अवस्थाको मूल्याङ्कनको माध्यमबाट स्थानीय आर्थिक विकासको प्रवर्द्धनमा सहयोग पुऱ्याउन आ.व. २०७९/०८० को स्थानीय आर्थिक मूल्याङ्कन कार्यविधि, २०७९ बमोजिम प्रारम्भिक एकीकृत नतिजा उपर सूचकगत रूपमा छलफल र विश्लेशण गरी देहायअनुसारको यथार्थ अङ्कभार कुल प्राप्ताङ्कः- ४२.५% निर्धारण गरी पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पठाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २.**

**विविधः-**

क. महालेखापरीक्षक डोर २०७९को वार्षिक प्रतिवेदनको दफा ४३ अन्तर्गतका उपदफाहरूमा औंल्याएको बेरूजूको विषयमा प्राविधिक तथा कानूनी पुष्ट्याई सहित प्राविधिक मूल्याङ्कन गरी निर्क्योल गर्न गठित "पाँच शैया अस्पताल ठेक्का प्रक्रिया छानविन समिति"ले तयार गरी कार्यालयमा बुझाएको प्रतिवेदनमाथि छलफल गरी कार्यपालिकाबाट अनुमोदन गरी समपरिक्षणको लागि आवश्यक कार्य गर्न प्र.प्र.अ.लाई निर्देशन दिने।

ख. प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को दफा ७(१) बमोजिम गठित **"कार्यक्रम कार्यान्वयन कार्यदल"**ले सिफारिस गरे बमोजिम गाउँपालिकामा निवेदन दर्ता गराएका कृषक/समूह/समिति/सहकारी/संस्था/कम्पनी/उद्यमीहरूले यस कार्यक्रममा समावेश हुन मासिक न्यूनतम ३० के.जी. छूर्पी उत्पादन गरेको हुनुपर्ने र प्रतिकेजी छूर्पी उत्पादनमा अधिकतम रु.६५ को दरले छनौट भएका लाभग्राहीहरूलाई मासिक उत्पादनको आधारमा वार्षिक उत्पादनको हिसाब गरी अनुदान रकम उपलब्ध गराउने।

ग. हिलिहाङ गाउँपालिका वडा नं. ७ माझिटारमा लाग्ने मकर मेलाको अवसरमा सेसेहाङ क्लब, हिलिहाङ-७ लाई पुरुष नकआउट भलिबल प्रतियोगिता सञ्चालनको लागि नगद रु. ५०,०००।- (अक्षेरेपी पचास हजार रुपैयाँ) खेलकुद विकास समिति व्यवस्थापन शिर्षकबाट आर्थिक सहयोग बिल भरपाईको आधारमा भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी, पाँचथर कोशी प्रदेश नेपाल

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

घ. यस गाउँपालिकाको तपसिल बमोजिम क्षेत्रबाट नदिजन्य ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् गर्ने कार्य प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम वार्षिक रुपमा संकलन जम्मा २७२९२ घ.मि. कुल जम्मा हुने रकम रु ६७,४१,४७५।- (अक्षरुपी सतसठ्ठी लाख एकचालिस हजार चार सय पचहत्तर रुपैयाँ मात्र) हुन आउने रकम बराबरको आवश्यक ठेक्का प्रक्रिया तपसिलको दुई क्षेत्र निर्धारण गरी अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**तपसिल**

| क्षेत्र | Block | उत्खनन क्षेत्र | खोला | स्रोतवस्तु | खोलाको उत्खनन गरिने लम्बाई मि. | उत्खनन गर्न सकिने बगर क्षेत्रको चौडाइ मि. | संकलन भएको स्रोत वस्तुको औसत वार्षिक गहिराइ मि. | स्रोतवस्तुको वार्षिक संकलन परिमाण घ.मि. |
|---|---|---|---|---|---|---|---|---|
| १ | A | तमोर र काबेलि खोला त्रिवेणी आपेगौडा आसपास | तमोर खोला र काबेलि खोला | रोडा, बालुवा, गिट्टी | १४६०३ वर्गमिटर | | | ५८४१ |
| ५ | A | थाम्देन बगर आसपास | तमोर खोला | रोडा, बालुवा, गिट्टी | २३०९८ वर्गमिटर | | | ९२३९ |
| ६ | A | लामीबगर, माझिटार | तमोर खोला | रोडा, बालुवा, गिट्टी | १७३६ वर्गमिटर | | | ६९४ |
| २ | B | काबेलि खोला झोलुङ्गे पुल आसपास | काबेलि खोला | रोडा, बालुवा, गिट्टी | ३५५६ वर्गमिटर | | | १४२२ |
| ३ | B | लिम्बुनि पुल काचोबारी आरपास | तमोर खोला | रोडा, बालुवा, गिट्टी | ९४३६ वर्गमिटर | | | ३७७४ |
| ४ | B | पिनासिटार | तमोर खोला | रोडा, बालुवा, गिट्टी | ४९४१वर्गमिटर | | | १९७६ |
| ७ | B | खैरेनी, हेवा | हेवा खोला | रोडा, बालुवा, गिट्टी | ९००८ वर्गमिटर | | | ३६०३ |
| ८ | B | भुते बगर, हेवा हाईड्रो आसपास | हेवा खोला | रोडा, बालुवा, गिट्टी | १८५७ वर्गमिटर | | | ७४३ |

(माथि उल्लेखित दर कोशी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको ऐन, २०८० को अनुसूची ५ को सि.नं. १ ढुङ्गा, गिट्टी, रोडा, ग्रावेल, चट्टान, स्लेट, चुनढुङ्गा, खरिढुङ्गा, अभ्रख, कटिङ ढुङ्गा विक्रि वा घाटगद्दि को प्रति क्यू. फिट रु ७ का दरले रकम सिफारिस गरिएको छ ।)

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत